# सहिद दिवस २०८०

सहिद दिवस मुल समारोह समितिका संयोजक एवं काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) ज्यू
सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डज्यू
राष्ट्रिय सभाका अध्यक्ष माननिय श्री गणेश प्रसाद तिमिल्सिनाज्यू
प्रतिनिधि सभाका सभामुख माननिय श्री देवराज घिमिरेज्यू
संघीय सरकारका मन्त्रीज्यूहरु
संघीय तथा प्रदेश सभाका सदस्यज्यूहरु
प्रधान सेनापति, नेपाल प्रहरी र सशस्त्र प्रहरीका महानिरीक्षकज्यूहरु
काठमाडौँ महानगरपालिका नगर सभाका सदस्यज्यूहरु
राष्ट्रसेवक कर्मचारीहरु
तथा
समस्त आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरु

प्रारम्भमा
मानव अधिकार, मौलिक अधिकार तथा स्वतन्त्रताका आन्दोलनहरुमा प्राण आहुती दिनुहुने ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरुको योगदानको उच्च प्रशंशा गर्न चाहन्छु ।

अहिले हामी जुन ठाउँमा उभिएका छौँ । जसरी बोलिरहेका छौँ । यो अवस्था प्राप्त हुनुमा सहिद र अग्रज राजनीतिज्ञहरुको महत्वपूर्ण भूमिका रहेको छ । उहाँहरुको त्याग र समर्पणको उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

हुकुमी तथा जहानियाँ राणा शासकहरुले नागरिकलाई बन्धनमा राख्ने व्यवस्था गरेका थिए । नागरिकहरुका अँध्यारा र कहाली लाग्दा भोगाइ हाम्रा अग्रज पुस्ताले अझै पनि सुनाउनु हुन्छ । यो बन्धनबाट नागरिकलाई स्वतन्त्र बनाउन, अधिकार प्राप्तिका लागि सचेत बनाउन काम थाल्नुभएका शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगागाल श्रेष्ठ र दशरथ चन्दलाई प्राण दण्ड दिइयो । राजनीतिक आन्दोलनका क्रममा धेरै सहिदहरुले प्राण समर्पण गर्नुभएको छ ।

उहाँहरुको स्मृति र सम्मानमा वि. सं. २०१२ सालदेखि काठमाडौँ महानगरपालिकाको संयोजकत्वमा मुल समारोह समिति गठन गरेर कार्यक्रम गर्ने गरिएको छ । यस क्रममा यस बर्ष माघ १० गते सहिद शुक्रराज शास्त्रीले सहादत प्राप्त गर्नुभएको स्थान टेकु मचली, माघ १३ गते सहिद धर्मभक्त माथेमाले सहादत प्राप्त गर्नुभएको स्थान सिफल उकालो, र माघ १५ गते गंगालाल श्रेष्ठ र दशरथ चन्दले सहादत प्राप्त गर्नुभएको शोभा भगवतीमा स्मृति सभा आयोजना गरियो । उहाँहरुलाई वि. सं. १९९७ साल माघ महिनामा प्राणदण्ड दिइएको थियो ।

हुकुमी शासनको अन्त्य, जनताको स्वतन्त्रता र स्वाधीनताका लागि सहिदहरुले व्यक्तिगत सुख, सुविधा त्यागेर प्राण आहुती गर्नुभयो । त्यही बलिदानीको जगमा टेकेर आज हामी सबै जनाले शासन, स्वतन्त्रता

र स्वाधीनताको उपयोग गरिरहेका छौँ । हामीले अहिले प्रयोग गरिरहेको लोकतान्त्रिक शासन व्यवस्था यसैको नतिजा हो ।

सहिदले देखेको सपनालाई साँचो अर्थमा कार्यान्वयन गर्न अहिले सबैका बिचमा साझा संकल्प चाहिएको छ । जनताका चाहनाबमोजिमको सेवासुविधा उपलब्ध गराउन, स्वतन्त्रता, समानताको समुचित उपभोग गर्न सहिद सहिदहरुको सपनालाई साक्षी राखेर काम गर्नु पर्ने बेला आएको छ । यो नै उहाँहरुप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ ।

समृद्धिको मूल आधार आर्थिक विकास र रोजगारी हो । यसलाई सार्थक बनाउन महानगरपालिकाले आफ्नो क्षेत्र र अधिकारभित्र रहेर काम गरिरहेको छ । नागरिकको आर्थिक, सामाजिक, सांस्कृतिक उत्थान, स्वास्थ्य, शिक्षामा पहुँच तथा समावेशी एवं पहुँचयुक्त विकासमा हामी प्रतिवद्ध छौँ । यसबाट महानगरबासीको मुहारमा खुसी र सुखका अनुभुति ल्याउने प्रयास गरिरहेका छौँ ।

यससँगै नेपाल सरकार, प्रदेश सरकारसहित तहगत सरकारहरुलाई नागरिकको मुहारमा खुशी ल्याउने कर्ममा लाग्न सहिदहरुबाट प्रेरणा मिलोस् भन्ने कामना गर्दछु । यसैबाट सहिदहरुले देखेका सपनाहरु पूरा हुनेछन् ।

अन्त्यमा पुनः ज्ञात अज्ञान सहिदहरुको योगदान स्मरण गर्न चाहन्छु । उहाँहरुका सपना पूरा गराउन म हरेक महत्वपूर्ण क्षणमा उहाँहरुका सपना स्मरण गरेर काम गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

धन्यवाद

सुनिता डंगोल
उपप्रमुख
काठमाडौँ महानगरपालिका